**साँफेबगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**साँफेबगर, अछाम**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधि)

**२०८३ साउन**

# विषयसूचि


१. निकायको स्वरूप र प्रकृति: ....... 1

२. निकायको काम, कर्तव्य र अधिकार: ....... 2

३. निकायमा रहने कर्मचारी विवरण: ....... 2

४. निकायबाट प्रदान गरिने सेवा: ....... 2

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी: ....... 2

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि: ....... 2

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी: ....... 3

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी: ....... 3

९. सम्पादन गरेको कामको विवरण: ....... 3

१०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद: ....... 3

११. ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची: ....... 4

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण: ....... 4

१३. तोकिए बमोजिमको अन्य विवरण: ....... 5

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण: ....... 5

१५. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण: ....... 5

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण: ....... 5

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन: ....... 5

१८. सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि: ....... 5

१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण: ....... 6

२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएका भए सोको विवरण: ....... 6

### १. निकायको स्वरूप र प्रकृति:

साँफेबगर नगरपालिका सुदूरपश्चिम प्रदेशअन्तर्गत अछाम जिल्लाको उत्तरी भागमा अवस्थित रहेको छ। स्थानीय तह पुनसंरचनाका क्रममा साविक साँफेबगर नगरपालिकासहित साविकका बुढाकोट, घुघुरकोट, देवीस्थान, खप्तड, बाब्ला र पातलकोट गा.वि.स. मिलेर बनेको यस नगरपालिकाको कुल क्षेत्रफल १६६.७१ वर्ग कि.मी. रहेको छ। यस नगरपालिकामा जम्मा १४ वडाहरु रहेका छन्। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१ साल बैशाख २५ गतेको निर्णयबाट नगरपालिकाको केन्द्र साँफेबगर रहने गरी साँफेबगर नगरपालिका घोषणा गरिएको थियो।

साँफेबगर नगरपालिकाको नामकरणको सन्दर्भमा स्थानीय जानकार व्यक्तिका अनुसार धेरै वर्ष पहिले हालका साँफेबगर क्षेत्रमा बाघले आतंक मच्चाएको अवस्था थियो। स्थानीयवासीले उक्त बाघलाई मार्ने अनेक प्रयास गरे पनि सफल हुन सकेनन्। पासो थापेर समाउन खोज्दा सो बाट पनि बाघ उम्किन थाल्यो तर बाघ समाउनको लागि नयाँ जुक्ति निकालियो। जसअनुसार बाघको आकारको अनुमान गरेर नापको आधारमा यस क्षेत्रको ३/४ ठाउँमा पासो थापियो र पासोमा बाघ पार्न सफलता मिल्यो। अछामी भाषामा नाप्नुलाई साप्नु र पासोलाई बगार भन्ने गरिन्छ। सापेर (नापेर) थापेको बगार (पासो) मा बाघ परेको हुँदा उक्त स्थानलाई "सापे बगार" भन्न थालियो। कालन्तरमा अपभ्रंश भई साँफेबगर हुन गएको भन्ने बुझाइ रहेको छ। हालसम्म पनि स्थानीयवासी साँफे नभनेर साप्या भन्ने गर्दछन्।

ऐतिहासिक तथ्यलाई नियाल्दा यस क्षेत्रमा हाल बसोवास गर्ने जातजातिका अतिरिक्त दुरा, घटाल तथा राजी जातिको पनि बसोबास रहेको ठानिन्छ। त्यतिबेला बुढीगंगा नदी हालको एयरपोर्ट भएको ठाउँमा बगिरहँदा हालको पुल बजार क्षेत्रमा घटाल र दुरा जातिहरूको बसोबास रहेको थियो भनिन्छ। नदीमा डुंगा चलाउने काम राजी जातिले गर्ने गरेको बुढापाकाको भनाइ रहेको छ। त्यो फाँटमा रहेका ठूल-ठूला खेत घटालहरूका थिए। विस्तारै राजी, दुरा र घटालहरूले बसाइ सराइ गरेका थिए भने त्यहाँ रहेका एक जना अन्तिम घटाल चाहि निसन्तान भएकाले घटालहरूको अस्तित्व त्यहाँबाट समाप्त भएको भनिन्छ। राजी जातिले बसोबास गरेको भनिएको राजीगाउँ र राजी मोरो भन्ने ठाउँ यस क्षेत्रमा रहेको छ। त्यो क्षेत्रमा दुरा जातिहरूले व्यापार गरेको भन्ने सुनिए पनि कस्तो किसिमको व्यापार थियो जानकारी उपलब्ध छैन। वि.सं.२०१६ भन्दा पहिले हालको एयरपोर्ट भएको स्थान हुँदै बुढीगंगा नदी बग्ने गरेको भएपनि सोही बुढीगंगा नदीले धार परिवर्तन गरी हालको अवस्थामा आएको थियो। साँफे क्षेत्रमा व्यापारको शुरुवात वि.सं. १९९७ सालतिर स्थानीय बखजन कुँवरले हालको साँफेबगर नगरपालिका ३ को कालभैरव मन्दिर नजिककै ओढारमा गाउँमा उत्पादन भएका केही वस्तुहरू राखेर गर्नु भएको भन्ने भनाइ रहेको छ। पछि विस्तारै बजारको रुप लिएको देखिन्छ भने वि.सं. २०३५ सालतिर साँफेमा एयरपोर्ट सञ्चालनमा आएपछि एयरपोर्ट क्षेत्रमा बजार विस्तार भएको हो। सिलगढी-साँफे सडकको विस्तार भएपछि वि.सं. २०५३ सालबाट साँफेमा हाटबजार संचालनमा भएको हो। हाल साँफेबगर क्षेत्र अछाम जिल्लाको प्रमुख व्यापारिक केन्द्र तथा नगरपालिकाको केन्द्रका रुपमा रहेको छ।

### २. निकायको काम, कर्तव्य र अधिकार:

यस नगरपालिका नेपालको संविधानको अनुसूची—८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची—९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र सुदूरपश्चिम प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरू, समय समयमा जारी हुने परिपत्रहरू एवं नगरपालिकाको स्थानीय कानूनहरू (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरू) समेतले तोके बमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ।

### ३. निकायमा रहने कर्मचारी विवरण:

यस नगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरूको संख्या, कर्मचारीको सेवा, समूह, तह समेतको विस्तृत विवरण र नगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भए बमोजिम काम कारबाही भइरहेको छ। उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूको विवरण साँफेबगर नगरपालिकाको वेबसाइट https://sanfebagarmun.gov.np/elected-officials र https://sanfebagarmun.gov.np/staff मा समेत राखिएको छ।

### ४. निकायबाट प्रदान गरिने सेवा:

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र सुदूरपश्चिम प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरू एवं नगरपालिकाको स्थानीय कानूनहरू (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत), निर्णयहरू तथा साँफेबगर नगरपालिकाको अविच्छिन्न अभ्यासहरूको अधीनमा रही स्थानीय सरकारका रूपमा सेवा, सुविधाहरू प्रदान गरिरहेको छ।

### ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

यस नगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न शाखाहरू, इकाईहरू, १४ वटा वडा कार्यालयहरू तथा अन्य कार्यालयहरू रहेका छन्। नगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, शाखा प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण साँफेबगर नगरपालिकाको वेबसाइट https://sanfebagarmun.gov.np/citizen-charter मा उल्लेख गरिएको छ।

### ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

यस नगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण साँफेबगर नगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानूनका आधारमा निर्धारण गरिन्छ। यस सम्बन्धी व्यवस्था साँफेबगर नगरपालिकाको वेबसाइटको https://sanfebagarmun.gov.np/tax-and-fees मा समेत उल्लेख गरिएको छ।

### ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

यस नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय, प्रदेश कानून र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरू तथा समय समयमा हुने निर्णयहरूको अधीनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरूको कार्यविवरण स्पष्ट तोकिएको छ। नगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारबाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, योजना तथा प्राविधिक शाखा, सम्पदा उपशाखा र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ।

### ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

यस नगरपालिकाको काम कारबाही सम्बन्धमा सेवाग्राहीहरूको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकामा नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतका अतिरिक्त निम्न बमोजिम गुनासो सुन्ने अधिकारी व्यवस्था गरिएको छः

पदः प्रशासकीय अधिकृत

नाम शंकर बहादुर थापा

सम्पर्क नं.: ९८६८५२०८३०

### ९. सम्पादन गरेको कामको विवरण:

यस नगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानूनले तोके बमोजिम स्थानीय सरकारका रूपमा नगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारबाहीहरू गर्दै आइरहेको छ।

### १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:

| |
|---|
| **कार्यालय प्रमुखको नामः अर्जुन सेन ओली** |
| पदः प्रमुख प्रशासकीय अधिकृत |
| इमेल ठेगानाः ilosarjun@gmail.com |
| सम्पर्क नम्बरः ९८५११७५४८ |
| **सूचना अधिकारीको नामः अम्बर बहादुर बोहरा** |
| पदः सूचना प्रविधि अधिकृत |
| इमेल ठेगानाः ito.sanfebagarmun@gmail.com |
| सम्पर्क नम्बरः ९८५८४८४३०२ |

### ११. ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची:

साँफेबगर नगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधि र निर्देशिकाहरूको परिकल्पना गरिरहेको छ। उक्त स्थानीय कानूनहरू स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानूनी प्रबन्धहरूको विस्तृत सूची साँफेबगर नगरपालिकाको वेबसाइट https://sanfebagarmun.gov.np/act-law-directives मा समेत राखिएको छ।

### १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

यस नगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरू साँफेबगर नगरपालिकाको वेबसाइट www.sanfebagarmun.gov.np मा राख्ने गरिएको छ। मिति २०८३/०१/०१ देखि मिति २०८३/०३/३२ सम्मको क्षेत्रगत बजेट तथा खर्च विवरण यस प्रकार रहेका छन्:

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,०३,८४,०००.०० | १,५८,८५,४२०.७० | ७७.९३ | ४४,९८,५७९.३० |
| १ | कृषि | ४६,४५,०००.०० | ४३,०८,२४४.७० | ९२.७५ | ३,३६,७५५.३० |
| २ | उद्योग | १९,६५,०००.०० | १२,६४,२२१.०० | ६४.३४ | ७,००,७७९.०० |
| ३ | पर्यटन | २७,६३,०००.०० | १४,१५,३३०.०० | ५१.२२ | १३,४७,६७०.०० |
| ४ | सहकारी | ३,५०,०००.०० | ५०,०००.०० | १४.२९ | ३,००,०००.०० |
| ५ | जलश्रोत तथा सिंचाई | ६४,३०,०००.०० | ५३,८५,०००.०० | ८३.७५ | १०,४५,०००.०० |
| ६ | पशुपन्छी विकास | ४२,३१,०००.०० | ३४,६२,६२५.०० | ८१.८४ | ७,६८,३७५.०० |
| २ | सामाजिक विकास | ४७,४८,८९,०४०.०० | ४३,०७,७२,०२७.४६ | ९०.७१ | ४,४१,१७,०१२.५४ |
| १ | शिक्षा | ३६,१७,४०,०००.०० | ३२,८३,११,०५७.०० | ९०.७६ | ३,३४,२८,९४३.०० |
| २ | स्वास्थ्य | ७,८०,१५,०००.०० | ७,२५,३७,८१०.७६ | ९२.९८ | ५४,७७,१८९.२४ |
| ३ | खानेपानी तथा सरसफाई | ५४,२१,५४०.०० | ४०,८२,७९०.०० | ७५.३१ | १३,३८,७५०.०० |
| ४ | भाषा तथा संस्कृति | १,६०,०००.०० | १,५७,८१०.०० | ९८.६३ | २,१९०.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २,१४,४७,५००.०० | १,९४,५२,६४९.०० | ९०.७ | १९,९४,८५१.०० |
| ६ | युवा तथा खेलकुद | ४७,०५,०००.०० | ३९,०३,०१३.०० | ८२.९५ | ८,०१,९८७.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ३४,००,०००.०० | २३,२६,८९७.७० | ६८.४४ | १०,७३,१०२.३० |
| ३ | पूर्वाधार विकास | ५,३६,७३,४६०.०० | ३,२६,०७,६४५.०० | ६०.७५ | २,१०,६५,८१५.०० |
| १ | यातयात पूर्वाधार | २,३४,२३,४६०.०० | १,५२,४०,०६३.०० | ६५.०६ | ८१,८३,३९७.०० |
| २ | भवन, आवास तथा सहरी विकास | २,७९,६०,०००.०० | १,५६,६६,०८२.०० | ५६.०३ | १,२२,९३,९१८.०० |
| ३ | उर्जा | १७,९०,०००.०० | १७,०१,५००.०० | ९५.०६ | ८८,५००.०० |
| ४ | पुननिर्माण | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३८,४९,०००.०० | २२,०६,७७५.६० | ५७.३३ | १६,४२,२२४.४० |

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | विपद व्यवस्थापन | २८,४९,०००.०० | १३,१८,५२०.०० | ४६.२८ | १५,३०,४८०.०० |
| २ | शासन प्रणाली | २०,०००.०० | १६,४५०.०० | ८२.२५ | ३,५५०.०० |
| ३ | तथ्यांक प्रणाली | ५,००,०००.०० | ४,९६,८०५.६० | ९९.३६ | ३,१९४.४० |
| ४ | गरिबी निवारण | ४,८०,०००.०० | ३,७५,०००.०० | ७८.१३ | १,०५,०००.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २५,५३,९८,०९३.०० | २२,४८,९४,८५४.८४ | ८८.०६ | ३,०५,०३,२३८.१६ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २५,५३,९८,०९३.०० | २२,४८,९४,८५४.८४ | ८८.०६ | ३,०५,०३,२३८.१६ |
| | कुल जम्मा Grand Total | ८०,८१,९३,५९३.०० | ७०,६३,६६,७२३.६० | ८७.४ | १०,१८,२६,८६९.४० |

## १३. तोकिए बमोजिमको अन्य विवरण:

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत साँफेबगर नगरपालिकाको वेबसाइट www.sanfebagarmun.gov.np मा राखिएको छ।

## १४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:

यस नगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट, नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका नगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

## १५. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:

साँफेबगर नगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरू जानकारीका लागि साँफेबगर नगरपालिकाको वेबसाइट www.sanfebagarmun.gov.np रहेको छ।

## १६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

नेपाल सरकार, सुदूरपश्चिम प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता भए/नभएको विवरण साँफेबगर नगरपालिकाको वेबसाइट www.sanfebagarmun.gov.np मा रहेको छ।

## १७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:

नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरू आ.व. २०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम अन्तर्गत रहेको छ। सोको प्रगति प्रतिवेदन साँफेबगर नगरपालिकाको वेबसाइट www.sanfebagarmun.gov.np मा रहेको छ।

## १८. सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:

यस नगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरूको वर्गीकरण नगरेको र त्यस्ता सूचनाहरू नगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ।

### १९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:

नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरूले नगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ। यस अवधिमा लिखित रुपमा सूचना माग गरिएको छैन र मौखिक सूचनाको जानकारी उपलब्ध गराइएको छ। मिति २०८३/०१/०१ देखि मिति २०८३/०३/३२ सम्ममा **हेलो सरकार मार्फत प्राप्त १** जनाको गुनासो सुनुवाइ भएको छ।

### २०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएका भए सोको विवरण:

महत्वपूर्ण सूचनाहरू राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण साँफेबगर नगरपालिकाको वेबसाइट www.sanfebagarmun.gov.np मा राख्ने गरिएको छ। साँफेबगर नगरपालिकाको फेसबुक पेज Sanfebagar Municipality र X.com मार्फत समेत नगरपालिका सम्बन्धी सूचना, तथ्यांक र गतिविधिहरू सार्वजनिक भइरहेका छन्।

धन्यवाद